जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक,

प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री प्रदीपराज कणेलको अध्यक्षतामा मिति २०७८/०३/२८ गते जिल्ला प्रशासन कार्यालय सिरहाको सभाकक्षमा बैठक बस्यो ।

**उपस्थिति :**

| क्र.स. | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | प्रदीपराज कणेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २ | रामचन्द्र ठाकुर | समन्वय प्रमुख | जिल्ला समन्वय समिति, सिरहा | |
| ३ | जितेन्द्र कुमार गौली | प्रमुख सेनानी | शेर गण चोहर्वा, सिरहा | |
| ४ | हिरा वहादुर पाण्डे | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, सिरहा | |
| ५ | बिपेन्द्र गिरी | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा | |
| ६ | तुलसीराम प्रसाई | उप.अनु. निर्देशक | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा | |
| ७ | राम बृक्ष महतो | इकाइ प्रमुख | शिक्षा विकास तथा समन्वय इकाइ सिरहा | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको बैठक मिति २०७८/०३/२८ गते ।

### बैठकको कारवाही एवं निर्णय

१. २०७८ सालको हालको मनसुनको समयमा बाढी – डुवान - कटानले क्षतिग्रस्त भएका तथा थप जोखिम हुन सक्ने स्थानको नदी नियन्त्रण एवं सडक मर्मत गर्न सम्वद्ध कमला नदी नियन्त्रण आयोजना धनुषा, जलस्रोत सिंचाई विकास डिभिजन – सिरहा, कमला सिंचांई आयोजना – धनुषा, भौतिक पूर्वाधार विकास कार्यालय-सिरहा, डिभिजन सडक कार्यालय – लहान - सिरहा एवं सम्वद्ध न.पा./गा.पा. ले तत्काल कार्य गरी जिल्ला विपद् व्यवस्थापन समितिको प्रयोजनार्थ जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

२. आपतकालीन खोज तथा उद्धार एवं राहत व्यवस्थापनकालागि सम्वन्धित क्लस्टरमा रहेर सुरक्षा निकायले तयार गरी आएको पूर्व तयारीलाई दुरुस्त तुल्याई राख्ने ।

३. बाढी अउनु पूर्व नदी उकासको जग्गामा नजान, बाढीको समयमा सामान टिप्न वा पौडी नखेल्न वा खोला नतर्न सुरक्षा निकाय, स्थानीय तह एवं संघ संस्था मार्फत समेत निरन्तर सचेत तुल्याउने ।

४. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ३५२२ मिति २०७८/०३/१८ को प्राप्त पैंत्रानुसार मनसुनजन्य विपद् प्रभावित व्यक्तिहरुकालागि राह सामाग्री वितरणको कार्य एकद्वार प्रणाली मार्फत समन्वयात्मक रुपमा गर्न बढी प्रभावाकारी हुने देखिएकोले यस्ता राहत सामग्री बितरण गर्दा अनिवार्य रुपमा स्थानीय प्रशासन तथा स्थानीय तहको समन्वयमा मात्र गर्न र आफूखुसी वितरण नगर्ने नगराउने सम्वन्धी व्यहोरा बैठकमा अवगत भयो । साथै तत् सम्वन्धमा सोही बमोजिम गर्ने गराउने ।

५. कमला नदीमा हाल वर्षा याममा पानीको वहाव उच्च रहने अवस्था कायमै रहेकोमा धनुषा र सिरहा तर्फ डुङ्गाबाट वारी पारी गर्ने अवस्था समेत रहेको हुँदा ;
सिरहा न.पा. ले २०७७ सालमा डुङ्गा चलाउने सम्वन्धमा स्वीकृत गरेको कार्यविधिको परिधिमा रहेर मात्र डुङ्गा चलाउन दिन नियमन गर्ने,

जस्तै ;

- पानीको सतह उच्च एवं तिव्र वहान हुने बाढीको समयमा तथा राती डुङ्गा चल्न नदिने ।
- चालक र यात्रीको न्यूनतम क्षमता र लाइफ ज्याकेट अनिवार्य रुपमा अवलम्वन गरेको हुनुपर्ने ।
- निर्धारित सेवा शुल्क टाँस गरी सो भन्दा वढी लिन नदिने ।
- अनुभव वा तालिम नलिएकाले डुङ्गा चलाउन नपाउने ।
- मानसिक अवस्था ठीक नभएका वा मादक पदार्थ सेवन गरेकाले डुङ्गामा सवार हुन नपाउने ।

२०७८/३/२८
प्रमुख जिल्ला अधिकारी